यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ।

सम्पर्क : ०६१-५३९४५५



राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ८२ ○श्रेणी 'क' ○२०७३ पुस ७ गते बिहीबार ○22 Dec. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-



**कोरियन भाषामा नयाँ भर्ना खुल्यो**

Eps Topik-2017 का लागि अनुभवी प्रशिक्षकद्वारा नयाँ पाठ्यक्रममा श्रव्यदृश्य माध्यमबाट नयाँ कक्षामा भर्ना खुल्यो।

| | | | |
|---|---|---|---|
| कक्षाः विहान | ८-९ बजे | दिनमा | १-२ बजे |
| | ९-१० बजे | | ४-५ बजे |
| | | साँझमा | ५-६ बजे |

❖कक्षा संचालन भैरहेको छ ।

सम्पर्क

अन्नपूर्ण कम्प्युटर एण्ड मिडिया

ट्रेनिङ इन्स्टिच्यूट (कोरियन भाषा केन्द्र)

पोखरा-४, सिद्धार्थचोक (पुष्पररत्न भवन)

शाखा कार्यालय : पोखरा-१७,विरौटा,(शिब प्लाजा)

फोन :०६१-५२४२२७, ९८५६०३०५५५,९८४७६५५८८८


## कर छुटाउने नियतले कानुन

### नेपाल टेलिकम र एनसेललाई मात्रै झण्डै सवा दुई अर्ब रुपैयाँ छुट

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ६ पुस ।**

वर्षमा एक खर्ब आम्दानी गर्दै आएका दूरसञ्चार उद्योगलाई प्रत्यक्ष लाभ पुग्ने गरी सरकारले आय करमा छुट दिने व्यवस्था गरेको छ । संसद्बाट हालै पारित 'औद्योगिक व्यवसायसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन' मा नेपाल टेलिकम र एनसेललगायत ठूला इन्टरनेट सेवा प्रदायक कम्पनीलाई फाइदा पुग्ने गरी आयकर छुटको व्यवस्था गरिएको हो । ऐनको उक्त व्यवस्थाअनुसार दुई ठूला दूरसञ्चार कम्पनीले मात्रै झन्डै सवा दुई अर्ब रुपैयाँ छुट पाउनेछन् । यसबाहेक अन्य सम्भावित कम्पनीहरूको आयकर छुट जोड्ने हो भने सरकारले थप राजस्व गुमाउने छ ।

मंसिर दोस्रो साता पारित ऐनको 'दफा २२ उपदफा झ (१)' अनुसार तीन सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग, सूचना तथा सञ्चार प्रविधि उद्योगलाई त्यस वर्षको आयमा लाग्ने करको १५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ । यस्तै उपदफा झ (२)' ले १२ सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक र सूचना तथा सञ्चार प्रविधि उद्योगलाई त्यस वर्षको आयमा लाग्ने करको २५ प्रतिशत छुटको व्यवस्था गरेको छ ।

यो व्यवस्थाले निजी क्षेत्रको एनसेल र सरकारी स्वामित्वको नेपाल टेलिकमसहित वर्ल्डलिंक, सुबिसुलगायत केही कम्पनीलाई फाइदा पुग्ने देखिन्छ । ऐनको अनुसूची-७ खण्ड (ख) अनुसार सूचना सञ्चार प्रविधिमा आधारित उद्योगका रूपमा इन्टरनेट, टेलिफोन, मोबाइल टेलिफोन, मोबाइल स्याटलाइट टेलिफोन, टेलिपोर्ट सेवा, स्याटलाइट स्थापना र प्रसारण केन्द्र, भिस्याट, ब्रोडब्यान्ड पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटलाइट नेटवर्कलगायत उद्योगलाई राखिएको छ । ऐनले दूरसञ्चार प्रविधिमा आधारित सबैखाले व्यवसायलाई अनुसूचीमा समावेश गरे पनि हाल तीन सयभन्दा बढीलाई रोजगारी दिने ठूला टेलिकम कम्पनी एनसेल र टेलिकम मात्र हुन् । यसैगरी वर्ल्डलिंक, सुबिसुलगायत केही इन्टरनेट सेवा प्रदायकले मात्र तीन सयभन्दा बढीलाई रोजगारी दिएका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार हाल एनसेलमा ५ सय २२ जना र नेपाल टेलिकममा ४ हजार १ सय २७ जना स्थायी कर्मचारी छन् । एनसेलमा तीन सयभन्दा बढीले रोजगारी पाइरहेकाले वार्षिक आयमा लाग्ने करको १५ प्रतिशत छुट पाउने छ । टेलिकमले भने १२ सय भन्दा बढीलाई रोजगारी दिइरहेकाले २५ प्रतिशत छुट पाउने छ । यो आधारमा टेलिकम र एनसेलबाट मात्र वर्षको सवा २ अर्ब रुपैयाँभन्दा बढी आयकर गुम्ने देखिन्छ । औद्योगिक प्रवर्द्धन बोर्डले गरेको अध्ययन प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७१/७२ मा एनसेलले ६ अर्ब ७४ करोड ५० लाख आयकर तिरेको देखिन्छ । गत वर्ष एनसेलको आम्दानी बढेकाले यो रकम अझै बढ्ने देखिन्छ । तर, नयाँ ऐनअनुसार एनसेलले ३ सयभन्दा बढीलाई रोगजारी दिने कम्पनीको वर्गीकरणमा परी १५ प्रतिशत आयकर छुट पाउनेछ । एनसेलले आर्थिक वर्ष २०७१/७२ मा तिरेकै रकमलाई आधार मान्दा १ अर्ब १ करोड रुपैयाँ छुट पाउने देखिन्छ । नेपाल टेलिकमको वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७१/७२ मा ४ अर्ब ८४ करोड ९३ लाख रुपैयाँ आयकर बुझाएको थियो । टेलिकममा हाल ४ हजार कर्मचारी रहेकाले सोही वर्षको जत्ति आम्दानी गरेको खण्डमा कम्पनीले २५ प्रतिशत अर्थात् १ अर्ब २१ करोड रुपैयाँ आयकर छुट पाउनेछ । दूरसञ्चार कम्पनीहरूले खर्च कटाएर भएको आम्दानीमा आयकर तिर्दै आएका छन् । टेलिफोन कम्पनीमध्ये टेलिकम र एनसेल बाहेकमा भने कामदारको संख्या तीन सय नरहेकाले उनीहरूले छुट पाउने अवस्था रहँदैन । प्राधिकरणका अनुसार हाल ठूला दूरसञ्चार कम्पनीमध्ये स्मार्ट टेलिकममा ७६, सिजीमा ४२, नेपाल स्याटलाइटमा २६ र यूटीएलमा २३ जना मात्र स्थायी कर्मचारी छन्। इन्टरनेट कम्पनीमध्ये सुबिसु र वर्डलिंक लगायत केही कम्पनीमा मात्र ३ सयभन्दा बढी कामदार छन् ।

यसरी केही कम्पनीलाई मात्र फाइदा पुग्ने गरी आय करलगायत



करमा छुट दिँदा राज्यलाई नै घाटा पुग्ने अर्थविद् मदन दाहालले बताए । 'कुनै पनि क्षेत्रमा नयाँ लगानी आकर्षित गर्न कर छुट दिने व्यवस्था विश्वभर नै प्रचलित छ, तर नेपालजस्तो मुलुकमा एक-दुई कम्पनीलाई फाइदा दिने गरी कर छुट दिनु उपयुक्त हैन,' उनले भने, 'सरकारले त्यस्तो व्यवस्था गरेको भए पुनरावलोकन गर्नुपर्छ ।' उनले सूचना प्रविधि क्षेत्रलाई छुट दिनु उपयुक्त भए पनि त्यसले कति उद्योगलाई सहयोग पुग्छ भन्ने हेर्नुपर्ने बताए । उद्योगमन्त्री नवीन्द्रराज जोशीले छुटमा लेखिएको व्यहोरा र अनुसूचीमा उल्लेखित व्यवस्थाअनुसार केही कम्पनीले मात्रै छुट नपाउने बताए । 'सञ्चार प्रविधि उद्योगलाई छुट दिने भन्ने व्यवस्था छ,' उनले भने, 'तर ठूला टेलिकम कम्पनी सूचना सञ्चार प्रविधिमा आधारित उद्योगको अनुसूचीमा पर्छन्, तिनलाई छुट होइन ।' ऐनअनुसार नियमावली बनिनसकेकाले स्पष्ट व्यवस्था नियमावलीमा गरिने उनले बताए । 'सरकारको नीति भनेको साधारण घरेलु उद्योगलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने हो । ठूला उद्योगका लागि वातावरण सिर्जना गरिदिने मात्रै हो,' उनले भने, 'स्थापित उद्योगलाई कर छुट दिने भन्ने हँदैन । सरकारको र उद्योग मन्त्रालयको नीति भनेकै ठूला उद्योगलाई वातावरण बनाइदिने हो ।'

उद्योग मन्त्रालयकी प्रवक्ता यमकुमारी खतिवडाले भने निजी क्षेत्रको सुझावका आधारमा यसअघि उद्योगका रूपमा पहिचान नगरिएको सूचना प्रविधि क्षेत्रलाई उद्योगको रूपमा पहिचान गरी सहुलियतको व्यवस्था गरिएको बताइन् । 'राज्यले लगानी आकर्षित गर्न छुटहरूको व्यवस्था गर्ने गर्छ,' उनले भनिन्, 'सूचना प्रविधि क्षेत्रलाई उद्योगका रूपमा पहिचान गरिएकाले यस्तो व्यवस्था गरिएको हो ।' उनले ऐन कार्यान्वयनमा जाने क्रममा रहेकाले त्यसको प्रभावका आधारमा समीक्षा हुने बताइन् ।

सूचना प्रविधि क्षेत्रलाई उद्योगको मान्यता दिँदै २०७१ सालमा बनेको ऐनको प्रारम्भिक मस्यौदामै आयकर छुट दिने व्यवस्था गरिएको थियो । सोही मस्यौदा संसदीय समिति, मन्त्रालय र सरोकारवालाबीच छलफल भई संसद्मा पुगेको हो । संसद्बाट पारित भएको ऐन गत मंसिर ७ गते प्रमाणित भइसकेको छ । गत भदौसम्म नेपाल टेलिकमको प्रबन्ध निर्देशक रहेका बुद्धिप्रसाद आचार्यले आफूहरूले सूचना प्राविधि उद्योगका लागि आयकर छुट दिने सुझाव नदिएको बताए । 'यस क्षेत्रले राम्रो आम्दानी गरिरहेको छ, वातावरण भए लगानी आइहाल्छ, त्यसैले यसमा छुट दिनुपर्छ भनेर हामीले कहिल्यै पनि सुझाव दिएका थिएनौं,' उनले भने ।

तीन सयभन्दा बढीलाई रोजगारी दिनेलाई मात्र आयकर छुट दिने व्यवस्थाले ठूला कम्पनीलाई मात्र फाइदा पुग्ने देखिन्छ । नेपालका ठूला दूरसञ्चार कम्पनी सबैभन्दा धेरै वार्षिक आम्दानी गर्नेमा पर्छन् । यी कम्पनीहरू राज्यको राजस्वको ठूलो स्रोत पनि हुन् । हरेक वर्ष एनसेल र टेलिकम सबैभन्दा धेरै आय गरी कर तिर्ने कम्पनीमा पर्दै आएको कान्तिपु अनलाइनले जनाएको छ ।

ग्रामीण दूरसञ्चार कोषमा कम्पनीहरूले बुझाएको रकमका आधारमा नेपालका दूरसञ्चार कम्पनीहरूले मात्र १ खर्ब रुपैयाँभन्दा बढी आम्दानी गरेको देखिन्छ । कम्पनीहरूले गरेको आम्दानी, खर्च र करको विस्तृत विवरण भने अझै आइसकेको छैन । कम्पनीहरूले प्रारम्भिक आम्दानी तथ्यांकका आधारमा कर बुझाए पनि पुस मासन्तसम्ममा लेखापरीक्षण प्रतिवेदन बुझाएपछि मात्र सबै आम्दानीको यकिन तथ्यांक आउनेछ । कोषमा बुझाएको रकमका आधारमा गत वर्ष एनसेलले ५७ अर्ब ७२ करोड र टेलिकमले ३९ अर्ब रुपैयाँ आम्दानी गरेको देखिन्छ ।

## अन्तर्राष्ट्रिय चिडियाखानामा जङ्गली जनावर उद्धार केन्द्र

**वासुदेव पौडेल**
**पोखरा ६ पुस ।**

सात तालको बगैंचा सहर लेखनाथ नगरपालिकाको पचभैयामा निर्माणाधीन अन्तर्राष्ट्रिय स्तरको नमुना प्राकृतिक चिडियाखानामा जङ्गली जनावर उद्धार केन्द्र निमाण कार्य अन्तिम चरणमा पुगेको छ । बृहत् पोखराको अवधारणाअनुसार यहाँको नयाँ पर्यटकीय आकर्षणका रूपमा लेखनाथको वडा नं. ११, १२, र १४ मा रहेका पचभैया, चैनपुर र चापापानी चिसाकुना सामुदायिक वनलाई समेटेर चिडियाखानाको निर्माणसंगै उक्त परिसरमा जङ्गली जनावर उद्धार केन्द्र निर्माण गरिएको हो ।

स्थानीय युनाइटेड क्लबको पहल एवम् स्थानीयवासीको सक्रियतामा यहाँको एक सय ३४ हेक्टर क्षेत्रको चिडियाखाना भित्र करिव रु २५ लाखको लागतमा उद्धार केन्द्र निर्माण गरिएको पोखरा अन्तर्राष्ट्रिय चिडियाखाना निर्माण समितिका संयोजक हिमालय बखेलले जानकारी दिए।

पर्यटकीय सहर पोखराका साथै प्रदेश नं ४ मा रहेको यो चिडियाखानालाई विश्वकै नमुना चिडियाखानका रूपमा विकास गर्ने सोचका साथ स्थानीयबासी तथा सम्बद्ध लागिपरेका छन् ।

क्लबले प्रत्येक वर्ष गर्दै आएको पोखरा महोत्सवको आम्दानीको २० प्रतिशत रकम चिडियाखाना निर्माणकै लागि छुट्याइएको जानकारी दिँदै बखेलले भने- "चिडियाखाना निर्माणको वर्तमान चरणसम्म आइपुग्दा धेरै दुःख, कष्ट तथा चुनौतीको सामना गर्नुपरेको छ, स्थानीय स्तरमा बढेको यो जागरुकतालाई सरकार एवं सम्बद्ध निकायको सहयोग अपरिहार्य छ ।" चिडियाखाना अवलोकनका लागि जालीको डोम निर्माण गरिने र जनावर, पक्षी खुल्ला छाडिने योजना छ । चिडियाखानामा वन्यजन्तु प्रदर्शन, संरक्षण शिक्षालाई समावेश गरिनुका साथै भविष्यमा विश्वभरको हावापानीमा पाइने पंक्षी तथा जनावर कक्ष बनाउने लक्ष्य राखिएको क्लबले जनाएको छ ।

सामुदायिक वनमा भएका जनवार संरक्षण गरी अवलोकन गर्न मिल्ने वातावरण बनाएर स्वदेशी हावापानी अनुसारको जीवजन्तुको प्रदर्शनी कक्षसमेत निर्माण गरिनेछ । वन्यजन्तुको उद्धार, स्वास्थ्य र संरक्षणका लागि उद्धार केन्द्र निर्माण गरिएको जानकारी दिँदै संयोजक बखेलले केही दिन भित्र नै उद्धार केन्द्र निर्माणको सम्पूर्ण काम सम्पन्न हुने बताए । देशकै पहिलो खोरमुक्त आधुनिक चिडियाखानामा बाल उद्यान, बल्छी हान्ने पोखरी, डुङ्गा शयरका लागि ताल, जङ्गल सफारीलगायत अतिरिक्त क्रियाकलापलाई समेटिनेछ ।

चिडियाखाना निर्माणसँगै हिमाली दृश्यावलोकनसहित तालको अवलोकनमा रमाउने पर्यटकलाई वन्यजन्तु एवम् चराचुरुङ्गीले आकर्षित गर्नेछन्। स्थानीय समाजसेवी एवम् बेगनास रुपाताल संरक्षण तथा पर्यटन प्रवर्द्धन संस्थाका अध्यक्ष दीनानाथ ढकालका अनुसार चिडियाखाना एवं रुपाताल क्षेत्रमा चार सय ५० प्रजातिका जीवजन्तु तथा वनस्पति पाइन्छ । रुपातालमा २४ प्रजातिका माछाका साथै विभिन्न ३६ प्रजातिका चरा पाइने उनले जानकारी गराए ।

निर्माणाधीन चिडियाखानाको पूर्वी भाग रुपातालसँग जोडिएको बताउँदै ढकालले यसको निर्माणसँगै रुपाताल पनि संरक्षण हुने बताए । पोखराबाट जम्मा २५ किमी टाढा रहेको पचभैया क्षेत्रमा निर्माण गर्न लागिएको चिडियाखाना यहाँको पर्यटकीय विकासका लागि अत्यन्त उपयोगी हुने विश्वास लिइएको स्थानीयवासी बताउँछन् ।

## माउण्ट कैलाश रिसोर्टलाई अन्तर्राष्ट्रिय अवार्ड

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ पुस ।**

पोखराको लेकसाइड स्थित माउण्ट कैलाश रिर्सोटले स्तरीय सेवा प्रदान गरे बापत पुनः अर्को अन्तराष्ट्रिय अवार्ड जितेको छ । दुई महिना अघि गुणस्तरीय सेवामा विश्व अवार्ड जितेको रिसोर्ट पुनः अर्को अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित भएको हो । गत कार्तिक १ गते विजनेश एनिसिएटिभ डिरेक्सन्स (बिआईडी) नामक अन्तर्राष्ट्रिय संस्थाबाट 'वर्ल्ड क्वालिटी कमिटमेन्ट अवार्ड' प्राप्त गरेको रिसोर्टले मंगलवार राति बेलायतमा अर्को अवार्ड हात पारेको छ । बेलायतको अक्सफोर्ड अन्तर्गतको यूरोप बिजनेश एसेम्ब्ली (ईबीए) ले रिसोर्टलाई 'म्यानेजर अफ दि इयर' को मेडल सहित 'बेष्ट इन्टरप्राइज अवार्ड ' प्रदान गरेको हो । मंगलवार राति बेलायतमा आयोजित विशेष कार्यक्रमका बीच अवार्ड हस्तान्तरण गरिएको हो । रिसोर्टका अध्यक्ष नरेश बहादुर भट्टराईले मेडल र अवार्ड ग्रहण गरे । यूरोप बिजनेश एसेम्ब्लीले समाजलाई आर्थिक, शैक्षिक र



बैज्ञानिक रूपमा विकास गर्न सहयोग पुऱ्याउने संस्थालाई अवार्ड प्रदान गर्दै आएको छ । एसेम्ब्लीको नोमिनेशन काउन्सिलले एशिया प्रशान्त क्षेत्रकै उत्कृष्ट गुणस्तर कायम गरी सेवा प्रदान गरेको ठहर सहित रिसोर्टलाई मेडल र अवार्ड दिने निर्णय गरेको थियो ।

अवार्ड ग्रहणपछि भट्टराईले माउण्ट कैलाश रिसोर्टले दिएको सेवा उत्कृष्ट भएकै कारण अन्तराष्ट्रियस्तरमा सम्मानित हुन पाएकोमा खुशी ब्यक्त गरे । पोखरामा सञ्चालित होटल तथा रेष्टुरेन्टले दिने सेवा सुविधाका बारेमा अन्तर्राष्ट्रिय समुदायले समेत मुल्याङ्कन गरिरहेकाले गुणस्तरीय सेवा प्रवाहमा जोड दिनुपर्ने उनले बताए । स्थापनाको ७ बर्ष पुरा गरेको माउण्ट कैलाश रिसोर्टले यसअघि पनि विभिन्न अन्तर्राष्ट्रिय अवार्ड जितिसकेको छ । रिसोर्टका अपरेशन म्यानेजर टेक बहादुर गुरुङले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा राम्रो प्रभाव बनिसकेकाले आगामी दिनमा अझ सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने प्रतिबद्धता जनाए ।

यसैबीच भिवोर सोसाइटी डेभलपमेन्ट बैंकले यो बर्ष एशिया प्रशान्त क्षेत्रको उत्कृष्ट बैङ्कको अवार्ड प्राप्त गरेको छ । बैंकका अध्यक्ष सुशिलराज पराजुली र प्रमुख कार्यकारी अधिकृत झलक प्रसाद खनालले अवार्ड ग्रहण गरेका हुन् । गत बर्ष प्राइम कमर्शियल बैंकले यो अवार्ड हात पारेको थियो ।

## गुप्तेश्वर बहुमुखी क्याम्पस सुविधा सम्पन्न

**हरि बाँस्तोला**
**पोखरा ६ पुस ।**

पोखराको महत्वपूर्ण पर्यटकीय स्थल छोरेपाटनमा सञ्चालित गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस पछिल्लो समय भौतिक रूपमा सुविधा सम्पन्न हुने भएको छ । 'प्राकृतिक स्रोतको आम्दानी शैक्षिक विकासमा लगानी' भन्ने मुख्य लक्ष्यका साथ २०६४ सालदेखि सञ्चालित सो क्याम्पसमा अहिले रु पाँच करोड ७६ लाखको लागतमा दुईवटा पक्की भवन निर्माण भइरहेका छन् । विश्वविद्यालय अनुदान आयोगको ३५ लाख रुपैयाँ र गुप्तेश्वर गुफा व्यवस्थापन समितिको रु ४१ लाख गरी कूल ७६ लाख रुपैयाँको लागतमा दुई तल्ले १० कोठे भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । जिल्ला विकास समिति कास्कीको प्राविधक एवम् भारतीय राजदूतावासको पाँच करोड रुपैयाँ आर्थिक सहयोगमा दुई तल्ले २१ कोठे भवन निर्माण भइरहेको क्याम्पस सञ्चालक समितिका अध्यक्ष तिलक आचार्यले जानकारी दिए । गुप्तेश्वर गुफा व्यवस्थापन समितिले पर्यटकीय क्षेत्र पातले छाँगो (डेभिजफल) नजिक खरिद गरी क्याम्पसलाई हस्तान्तरण गरेको करिब ६ रोपनी जग्गामा एकै पटक २९ वटा कोठेका दुई वटा सुविधा सम्पन्न भवन निर्माण भइरहेको जानकारी दिँदै उनले भने-"क्याम्पस भौतिक रूपमा सम्पन्न हुँदै गए पनि गुणस्तरीय शिक्षा प्रदान गरी विद्यार्थी भर्नादर वृद्धि गर्नु अहिलेको चुनौती रहेको छ ।"

सञ्चालक समितिका अध्यक्ष आचार्यकाअनुसार यस क्षेत्रका शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी एवम् विभिन्न सरोकारवालाको सामूहिक प्रयासबाट २०६५ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालनमा आएको सो क्याम्पस निकट भविष्यमा आफ्नै भवनमा सर्ने तयारीमा जुटेको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतका चारवर्षे बिबिएसतर्फ वित्त शास्त्र, लेखाशास्त्र र बजार शास्त्र विषय तथा शिक्षाशास्त्र सङ्कायका चार वर्षे स्नातक तहमा वीएडतर्फ अङ्ग्रेजी र नेपाली शिक्षा मूल विषयमा पठन-पाठन भइरहेको निमित्त क्याम्पस प्रमुख मनोरञ्जन शर्मा बताउछन्।

उनले क्याम्पसको विभिन्न सङ्कायतर्फ कुल दुई सय ९२ जना अध्ययनरत विद्यार्थीमध्ये ७५ प्रतिशत छोरीबुहारी रहेको जानकारी दिए । क्याम्पस सञ्चालनका लागि हालसम्म जग्गाबाहेक भवन निर्माण र प्रशासनिक खर्चमा मात्र रु पाँच करोड भन्दा बढी लगानी भइसकेको गुप्तेश्वर गुफा व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेलले बताए । उनका अनुसार क्याम्पस स्थापना कालदेखि विद्यार्थीबाट उठेको रकम बाहेका सम्पूर्ण खर्च गुफाले बेहोर्दै आएको छ भने यसवर्ष क्याम्पस सञ्चानार्थ ५० लाख रुपैयाँ प्रदान गरिएको हो । क्याम्पसमा विद्यार्थीलाई आवत-जावतमा सुविधा पुऱ्याउने उद्देश्यले जिल्ला विकास समिति कास्कीको प्राविधिक सहयोग एवम् झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको १५ लाख ६७ हजार ४०५ रुपैयाँको लागतमा ३९ मिटर लम्बाइको झोलुङ्गे पुल निर्माण सम्पन्न गरिएको इन्जिनियर पदम गुरुङले जानकारी दिए ।

क्याम्पसले विभिन्न सङ्कायमा नियमित रूपमा अध्ययनरत जेहेन्दार, दलित, जनजाति तथा आर्थिक रूपमा विपन्न विद्यार्थीका लागि छात्रवृत्तिको समेत व्यवस्था गरिएको जानकारी दिँदै उनले यसवर्ष ४३ जना विद्यार्थीलाई दुई लाख दुई हजार ५०० रुपैयाँ बराबरको छात्रवृत्ति वितरण गरिएको बताए । क्याम्पसमा हाल विभिन्न विषयका ११ जना पूर्णकालीन र छ जना आंशिक प्राध्यापक र पाँचजना कर्मचारी कार्यरत छन् ।

## पोखरामा सडक दुर्घट्ना बढ्दै

**पोखरा ६ पुस ।(गोल्डेन)**

पोखरा उप-महानगरपालिका ६ लेकसाईडमा स्कुटरले पैदल यात्रीलाई ठक्कर दिदाँ पैदल यात्री र स्कुटर चालक पनि घाईते भएका छन् । ग १२ प ३४५६ नम्बरको स्कुटरले पैदल यात्रीलाई ठक्कर दिएको थियो । घाइते हुनेमा लेकसाइड बस्ने ६३ बर्षकी दुर्गा पहाडी र १९ बर्षीय स्कुटर चालक डोल्मा लामा रहेका छन् । घाइते दुर्गा पहाडी र डोल्मा लामाको पोखरा स्थित मेट्रोसिटी अस्पतालमा उपचार भैरहेको छ । घटना स्थलमा वडा प्रहरी कार्यालय बैदामबाट प्रहरी साहयक निरीक्षकको नेत्रित्वमा ५ जनाको टोली खटिएको थियो । स्कुटर वडा प्रहरी कार्यालय बैदामले नियन्त्रणमा लिएको बैदाम प्रहरीले जनाएको छ ।

यसैगरी पोखरा उप-महानगर पालिका-६ जरेबरमा कारले ठक्कर दिदा २ जना घाइते भएका छन् । ग १ च ४२४४ नम्बरको कार र ग ११ प ५२४४ नम्बरको स्कुटर एक आपसमा ठोकिदा २ जना घाइते भएका हुन् । घाइते हुनेमा पोखरा १४ चाउथे कदममणी मार्ग बस्ने ३५ बर्षिय स्याम गुरुङ र स्कुटर कै पछाडि सवार स्कुटर चालककी पत्नी बिमला गुरुङ रहेका छन् । घाइतेहरुको पोखराको मेट्रोसिटि अस्पतालमा उपचार भईरहेको छ ।


**च्याङ्ग्रा विक्रीमा**

पोखराको सिमपानीस्थित जौवारी प्रहरी चौकी नजिक मुस्ताङको च्याङ्ग्रा विक्रीका लागि राखिएको छ। इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

सम्पर्क : दोर्जे लामा

मो.९८६८८९१८१७

९८४८३८३३३९

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।

- *लर्ड नेपियर*

## सम्पादकीय ...

# आन्दोलनमा अराजकता

पुस २ गते शनिबार तीनदिने आमहड्तालको दोस्रो दिन प्रदेश नं ५ अन्तर्गत पर्ने लुम्बिनी अञ्चलको बुटवलमा बिरामी बोकेर आएको एम्बुलेन्ससमेत बन्दकर्ताले तोडफोड गरे । मुटुरोगी बोकेर काठमाडौँबाट भैरहवा जाँदै गरेको लु१च २१३१ नम्बरको एम्बुलेन्समा तोडफोड गरिँदा बिरामी शनिचरी श्रेष्ठलाई समेत चोट लाग्यो । बुटवल बजारको अतिव्यस्त मानिने चौराहास्थित प्रहरी बिटनजिकै तोडफोड गर्दासमेत प्रहरी मूकदर्शक बनेको घटनाले आन्दोलनकारी अराजक बन्दै गएको प्रमाणित भएको छ । प्रदेश नं ५ को सीमाङ्कन गर्दा लुम्बिनी र राप्ती अञ्चललाई विभाजन नगर्न माग गर्दै तीन साताअघिदेखि त्यहाँका राजनीतिक दलहरु र आमजनता पनि स्वतःस्फूर्त रुपमा सडकमा उत्रिएर अराजक शैलीमा आन्दोलन गरिरहेका छन् । आन्दोलनको उद्देश्य जायज हुँदाहुँदै पनि विरोधको शैली भने अराजक हुँदा सर्वसाधारण नागरिकले धेरै दुःख र सास्ती भोग्नुपरेको छ । सो क्षेत्रमा गाडी नचल्दा १२ जिल्लाका जनता आफ्नो गन्तव्यमा पुग्न सकिरहेका छैनन् । अराजक आन्दोलनले अन्ततः कसैको पनि हित गर्दैन भन्ने तथ्यलाई मनन् गर्दै आन्दोलनको शैलीलाई परिवर्तन गर्नु जरूरी भइसकेको छ । शान्तिपूर्ण आन्दोलनबाटै विश्वमा ठूला-ठूला परिवर्तनहरु भएका छन् । आमजनताले नरूचाएको प्रदेश नं ५ को विभाजनको मुद्दा राजनीतिक मात्र नभएर राष्ट्रिय र दीर्घकालीन असर पार्ने सवाल बनिसकेको छ । आमजनता सडकमा ओर्लिएर चर्किएको विरोधका कारण सरकारले संविधान संशोधनको प्रस्तावलाई यथावत् राख्ने, थप संशोधन गर्ने वा फिर्ता लिने अवस्थामा पुगिसकेको छ । जायज मागका लागि भएको आन्दोलन अराजक हुनु र नेतृत्व र जिम्मेवारी पनि कसैले नलिनुले मानवीय संवेदना हराउँदै जानसक्छ । शनिबारको जस्तो अराजक प्रवृत्तिको आन्दोलन मुलुकभरि फैलिएमा गणतन्त्र र संघीयताजस्ता महत्वपूर्ण विषयहरु धरापमा पर्न सक्छन् भन्नेतर्फ आन्दोलनकारीहरुले हेक्का राख्नुपर्छ । संविधान कार्यान्वयन हुन नसके नागरिकको हकअधिकार सुनिश्चित नहुनेमात्र होइन, मुलुकको राष्ट्रियता नै कमजोर हुनेमा कुनै शंका छैन । संविधान कार्यान्वयन गरी मुलुकलाई समृद्धिको बाटोमा डोऱ्याउनु पर्ने महत्वपूर्ण समयमा प्रमुख दलहरु विपरीत ध्रुवमा फर्किनु विडम्बना हो । मुलुक अझैसम्म संक्रमणकालीन अवस्थाबाट मुक्त हुन नसक्नुका पछाडि राजनीतिक दलहरुकै अविवेकीपन कारण हो । एकातिर देशका विभिन्न भागमा सीमाङ्कनको विवादलाई लिएर आन्दोलन चर्किएको छ भने अर्कोतिर राजनीतिक दलहरु सत्ताको खेलमै अल्झिरहेका देखिन्छन् । सरकारले समयमै जनभावनाको उच्च कदर गर्दै लुम्बिनी र राप्ती अञ्चलका १२ जिल्लालाई प्रदेश नं ५ मै कायम राख्न आवश्यक संशोधन गर्नसक्छ । त्यसो हुन सकेमात्र सडकको आन्दोलन मत्थर हुनसक्छ र आमहड्ताल आफैँ रोकिने छ । अहिले राजनीतिक स्वार्थ र सत्ताभन्दा माथि उठेर देश र जनताको भविष्यका लागि सोच्नुपर्ने समय आएको छ । राजनीतिक सहमतिबाट हरेक समस्या समाधान भएका विगतका दृष्टान्त छन् । शान्तिपूर्ण आन्दोलनमार्फत जनताले आफ्नो हकअधिकार खोज्नु लोकतान्त्रिक संस्कार हो । तर, आन्दोलनका नाममा अराजक गतिविधि गर्नु अपराध हो । शनिबार बुटवलमा गरिएजस्तो अमानवीयता प्रदर्शन गरेर लक्ष्यमा पुग्न सकिँदैन भन्ने कुरा आन्दोलनकारीले बुझ्नु जरूरी देखिएको छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल पौष ७ गते बिहीबार, तदनुसार दिसेम्वर २२ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषकृष्णापक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषकृष्णापक्षको पूर्णिमा नवमी अहोरात्र रहनेछ। आज सूर्य धनु राशिमा, चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५२ मिनेटमा ावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १२ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

**वृष** : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।

**मिथुन** : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो भई कार्य शुरु गर्नुहोला ।

**कर्कट** : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ ।

**सिंह** : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।

**कन्या** : मित्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट ब्यञ्जन प्राप्त हुनेछ ।

**तुला** : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।

**वृश्चिक** : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुने।

**धनु** : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ ।

**मकर** : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

**कुम्भ** : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

**मीन** : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हनु पाइनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# लोकतन्त्र होइन, दलतन्त्रमा पनि नेतातन्त्र



✍ रवीन्द्र अधिकारी

संविधान जारी गरिसकेपछि एउटा अवस्था सिर्जना भएको छ । संविधान कार्यान्वयनका लागि जुन जटिलता देखिएको छ त्यो अस्थिरताले मुलुक दुस्चक्रमा फस्दै गइरहेको छ । यसबाट पनि पुष्टि हुन्छ कि हामीले संविधान निर्माण गर्दा एउटा गल्ति गरेका छौं । शासकीय स्वरुपमा चाहे त्यो प्रत्यक्ष राष्ट्रपति होस् वा प्रत्यक्ष निर्वा्चित प्रधानमन्त्री गराउन सकेको भए मलाई लाग्छ यो अस्थिरताको दुस्चक्रमा हामी फस्ने थिएनौं । तर के यो कुरा हामीलाई पहिले थाहा थिएन ? प्रश्न यहाँ छ ।

म मेरो पार्टीको तर्फबाट भनिरहँदा साँच्चै भन्ने हो भने अहिलेको अवस्था जे आइरहेको छ यो भन्दा पनि दर्दनाक अवस्था आउँछ भन्ने कुरा राम्रोसँग थाहा थियो र छ पनि । हिजो थाहा नभएको पनि होइन । धेरै पटक बाबुराम भट्टराई, चन्द्र भण्डारी लगायतका धेरै नेतासँग हामीले यसबारेमा छलफल गरेका पनि हौं ।

जतिबेलासम्म हामीले समानुपातिक निर्वाचन प्रणाली अर्थात् मिश्रित निर्वाचन प्रणालीमा कुनै पनि दलले बहुमत प्राप्त गर्न सक्दैन । यस्तो अवस्थामा संसद सबैभन्दा बढी उपस्थिति हुने थलो बनोस् । विभिन्न जाती भाषा, धर्म, संस्कृतिको समानुपातिक प्रतिनिधित्व गर्ने थलो बनोस् । र सुशासनका लागि, एउटा राम्रो शासनका लागि प्रत्यक्ष निर्वा्चित कार्यकारी बनोस् । यो दुई ओटाको सन्तुलनबाट मात्रै प्रतिनिधित्व पनि राम्रो हुन्छ ।

शासन र सुव्यवस्था पनि राम्रो हुन्छ । मुलुकले छिटो भन्दा छिटो सम्वृद्धि हासिल गर्न सक्छ । अस्थिरतको दुष्चक्रबाट पनि मुलुकलाई मुक्त गराउनु सकिन्छ । त्यो थाहा नभएको कुरा हो र ? थाहा भएको कुरा हो । मलाई के लाग्छ भने जानी जानी, थाहा पाएरै हामी अर्को व्यवस्थामा गयौं । जुन व्यवस्थामा कहिले पनि कसैको बहुमत आउँदैन । कहिले कसैको बुहमत नआउनु भनको कहिले पनि स्थायित्व हुँदैन । कहिले पनि स्थायित्व नहुनु भनेको मुलुकको सम्वृद्धि र विकास हुनै नसक्नु हो । त्यसकारणले यसबारेमा हामीले गम्भिरतापूर्वक सोच्नुपर्ने बेला आएको छ ।

हामीले त्यतिबेला गल्ति गर्यौं । हाम्रो पार्टीले दुइपटकको संविधानसभाको निर्वाचनमा जाँदा घोषणा पत्रमा राखेकै हो । तर हामीले तर्क के दियौं भने संविधान भनेको सम्झौताको दस्तावेज केही लिन पर्यो केहि छोड्नपर्यो । केही लिन पर्ने केहि छोड्नुपर्ने अवस्थामा जुन कुरा लिनुपर्ने हो त्यो कुरा छोड्ने र जुन कुरा छोड्नुपर्ने हो त्यो कुरा लिने काम भयो । यो कुरा नेकपा एमालेमा मात्र लागु हुँदैन । माओवादी केन्द्रमा पनि लागु हुन्छ । बरु नेपाली कांग्रेस सँधै संसदीय पद्दतीको कुरा गऱ्यो । केही साथीहरु कांग्रेसभित्र पनि प्रत्यक्ष निर्वा्चित कार्यकारी हुनुपर्छ भन्ने हुनुहुन्थ्यो । नेपाली कांग्रेस के कारणले हो पटक पटक त्यही भन्यो । पटक पटक अस्थिरता आउँदा पनि यही संसदीय व्यवस्था छाड्दै छाडेन ।

देशको जनमत पनि प्रत्यक्ष कार्यकारी कै पक्षमा थियो । मलाई लाग्छ । पहिलो संविधानसभाको बेला पनि त्यही थियो । दोस्रोपटक पनि त्यही थियो । म रहेको समितिमा छलफल गर्ने बेला पनि प्रत्यक्ष कार्यकारी हुनुपर्छ भन्ने भारी मत थियो । दुइ तिहाइ भन्दा बढी मत थियो । तर हामीले त्यसलाई मानेनौं । हामीले संसदमा भएको संख्या र सम्झौतालाई मात्र मान्यौं ।

वास्तवमा लोकतन्त्रमा नागरिक सार्वभौम हो । दल भनेको त नागरिकहरुको प्रतिनिधित्व गर्ने कुरा हो । जुन दलले नागरिकको भावना प्रतिनिधित्व गर्न सक्दैन त्यो दल सार्वभौम हुन सक्दै सक्दैन । नागरिकहरुको भावना प्रतिनिधित्व गर्नका लागि मात्रै दलहरुको व्यवस्था गरिएको हो । लोकतन्त्रको व्यवस्थित सञ्चालनको लागि दलहरुको व्यवस्था गरिएको हो । त्यो दलले नागरिकको सबभन्दा भोट पाएको नागरिकको अभिमत बोक्न सक्नुपर्दछ । विचारको अभिमत लिन सक्नुपर्दछ । हो पछाडि बदलिन्छ अनि फेरि नागरिकले अर्को मत दिन्छ । हो त्यस्तो भावना दलहरुले बोक्न सक्नुपर्दछ । हामीले यस हिसावबाट भन्ने हो भने लोकतन्त्र चलाइरहेको छेनौं दलतन्त्र चलाई रहेका छौं । फेरि दलतन्त्र पनि चलेको देखिंदैन नेतातन्त्र चलेको छ ।

म उदाहरण दिन चाहन्छु, आज यो मञ्चमा विभिन्न पार्टीबाट आउनुभएको छ । यहाँ सबै पार्टीका टप टप नेताहरु हुनुहुन्छ । प्रत्यक्ष निर्वाचित भयो भने एउटा पार्टीका दुई ओटा तिनओटा टपहरु त छँदैछन् । त्यहाँ के हुन्छ भने एउटा आउँछ, अर्को बाँकि सबै जान्छन् । अर्को पाँच वर्ष पछाडि करिब करिब असान्दर्भिक हुन्छन् । पुस्तान्तरण हुन सुरु गर्छ प्रत्यक्ष निर्वा्चित कार्यकारीले । अहिले त के रमाइलो छ भने जतिखेर पनि दुध च्यूरा मुछ्न पाइएकै छ । खिचडी बनाउन पाइएकै छ । प्रधानमन्त्रीको सपना देख्न पाइएकैछ । प्रत्यक्ष निर्वाचित भएपछि त एउटा हुन्छ । अनि अरुका सपना सबै हराउँछन् । यसले गर्दा जहिले पनि बिहानदेखि बेलुकासम्म प्रधानमन्त्रीको सपना देखिरहनको लागि हाम्रो ठूला नेताहरु यो चाहनुहुन्न ।

मुलुकको लोकतन्त्रलाई संस्थागत विकास गर्ने हो भने, जनआवाज र जनआवाजलाई मुखरित गर्ने हो भने प्रतिनिधित्वलाई सुनिश्चित गर्न संसद र जनताको अभिव्यक्तिलाई प्रतिनिधित्व गर्ने प्रत्यक्ष निर्वा्चित कार्यकारी प्रमुख आजको आवश्यकता हो । यसले मात्र स्थायित्व निर्माण गर्न सक्छ । यसले मात्र मुलुकलाई सम्वृद्धि र विकासमा लैजान सक्छ । आज देश बनाउने कुरा छोड्नुस । एउटा पुल बनाउने मात्र उदाहरण दिन्छु । एउटा अघिल्लो मन्त्री एक ठाउँ पुल बनाउने भन्छ । अर्को मन्त्री आउँछ डिजाइन गर्न लाइसकेको त्यो पुल हुँदैन भन्छ फेरी अर्को पुल बनाउन लगाउँछ । फेरि अर्को आइपुग्छ । एउटा सानो पुल र बाटोमा पनि हेर्न सकिन्छ ।

हामी कति धेरै डरलाग्दा छौं भने हाम्रो सरकार एउटा सरकारबाट अर्को सरकार बदलिन्छ । अघिल्लो सरकारले जुन बजेट ल्यायो त्यो कार्यान्वयन गरिन्न । बरु त्यसलाई पूरक बजेट भन्ने, अर्को बजेट भन्ने, अर्को बजेट भन्ने त्यसलाई कार्यान्वयन नगर्ने । नयाँ पनि बनाउन सक्दैन, त्यो पनि कार्यान्वयन गर्दैन । अन्तिममा हात लाग्यो शुन्य । मुलुकको यो अवस्था छ । यसले कम्तिमा यस्तो अस्थिरताबाट स्थिर त बनाउँछ नि । हामीले आयोजना बहुबर्षीय बनायौं । चलखेल नहोस् भनेर यस्तो गर्यौं । त्यस्तै एक व्यक्तिबाट अर्को व्यक्तिमा सरकार आउँदा फरक नपार्नको लागि प्रत्यक्ष निर्वा्चित कार्यकारी आवश्यक छ ।

हामीले प्रत्यक्ष कार्यकारी नबनाएर संविधानको ओज पनि घटायौं । मुलुकको आवश्यकतालाई पनि बुझेनौं । जनताको भावनालाई पनि बुझेनौं । यसकारणले हामी सबै संविधान संशोधनको रडाकोभित्र के प्रत्यक्ष निर्वा्चित कार्यकारी पर्न सक्दैन ? के अबको संविधान संशोधन गर्दा एउटा मूर्त विषय प्रत्यक्ष निर्वा्चित कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपति हुन सक्छ कि सक्दैन ? सक्नुपर्दछ, हुनुपर्दछ । यो मुलुकको भविष्य हो ।

म प्रत्यक्ष निर्वाचित कार्यकारीलाई पार्टीभित्र घुसाउने एक सदस्यको हिसाबले म आज पनि भन्न चाहन्छु हिजो हाम्रो गल्ति भएकै हो । आत्माआलोचना यहाँ गर्न चाहन्छु । यसले मैले जसरी विगतमा भएको गल्तिलाई महसुस गरी सुधार गरौं । हामीहरु मौकामा अप्ठ्यारो पर्दा यो कुरा बोलिहाल्ने पछि पछि सजिलो परिस्थिति आउँदा खेरि छोडिहाल्ने । यस्तो काम पनि गर्न हुँदैन । यो गल्तिमा सबै आत्मआलोचित हुनुपर्दछ । विशेषगरी जसले आफ्नो घोषणापत्रमा लेखेको छ । जसले त्यही एजेण्डमा भोट मागेको छ र त्यसले संविधान निर्माण गर्दा छोडेको छ उसले बढी आत्मालोचना गर्नुपर्दछ । र साँचो कुरा लिएर जनतामा आउनुपर्दछ । हामी यसमा तयार छौं । यो गम्भिर कुरा हो । दुनियाँले कति धेरै फड्को मारिसके । हामीलाई समानुपातिक समावेशी पनि चाहिएको छ । हामी विविधतामा पनि छौं । त्यो संसद बन्न सक्छ । तर त्यही कार्यकारी बन्न थाल्यो भने मुलुकको सम्वृद्धि हुन सक्दैन । यसलाई विशिष्ट तरिकाले बुझ्नुपर्दछ । यसप्रति हामी सबै गम्भीर हुनुपर्दछ ।

मेरो अर्को प्रस्ताव यदि हामी सहमत हुन सक्छौं । यसमा हजारौं तर्क छन् । सबै तर्क आज म दिन चाहन्न । मुलुकलाई सम्वृद्धि, विकास चाहिएको छ । जनताको जीवन सुन्दर बनाउनुपर्नेछ । सबै जनताको भावनाको नेतृत्व हुनुपर्नेछ । सार्वजनिक प्रशासन फितलो छ । विकास प्रशासन फितलो छ । राष्ट्रियता कमजोर हुँदै गइरहेको छ । र हामी संसरमा झन् अरु अगाडि जाँदैछन् हामी पछाडि जाँदैछौं । अहिले यस्तो अवस्था देखिएको छ ।

यो अवस्थाबाट मुलुकलाई मुक्त गरेर प्रगतितर्फ बढाउने हो भने प्रत्यक्ष कार्यकारी अवश्यक छ । यसको लागि हामी क्याम्पेन गर्न तयार छौं । म तयार छु । म मेरो दललाई कति तयार गराउन सक्छु । त्यो गर्छु ।

# शिक्षा ऐन, आठौं संशोधन कार्यान्वयनका चुनौती



✍ लक्ष्मीप्रसाद पंगेनी

'सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुले आफैले काम गर्ने विद्यालयलाई विश्वास नगरी आफ्ना बालबालिका निजीमा भर्ना गर्नाले सामुदायिक विद्यालयको गुणस्तर खस्किएको हो' भन्ने गुनासो आम अभिभावकहरुबाट आइरहेको छ । यस परिपेक्षमा शिक्षामन्त्री धनीराम पौडेलद्वारा यही असोज २० गते सार्वजनिक शिक्षासम्बन्धी १९ बुँदासहितको ६ महिने कार्ययोजनाले 'सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा शिक्षा मन्त्रालय मातहतका कर्मचारीहरुले आफ्ना बालबालिका सामुदायिक विद्यालयमा भर्ना गर्नु पर्छ' भन्ने बहसलाई सतहमा ल्याइदिएको छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई आफ्ना बालबच्चा सामुदायिक विद्यालयमा पढाउन नैतिक दबाब सिर्जना गर्ने प्रयास पूर्वर्ती सरकारका शिक्षामन्त्री गिरिराजमणि पोखरेलले पनि गरेका थिए । शिक्षा ऐन २०२८ को आठौं संशोधन भई लामो समयदेखि समस्याका रुपमा रहेका अस्थायी शिक्षक व्यवस्थापनका लागि बाटो खुल्ला हुनु नै ठूलो उपलब्धि हो । फलस्वरुप सामुदायिक शिक्षक तथा कर्मचारीका बालबच्चाहरु सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्छ भन्ने बहस ओझेल पर्यो । वर्तमान शिक्षामन्त्रीद्वारा प्रस्तुत ६ महिने कार्ययोजनाको १२ नं. बुँदामा भनिएको छ-'आफ्ना बच्चालाई आफैं सिकाऔं, सिकाउन हामी सक्षम छौं' भन्ने नारासहित सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीलाई आफ्ना बालबालिका सामुदायिक विद्यालयमा नै पढाउन प्रोत्साहित गरिने छ । आफ्ना छोराछोरीलाई सार्वजनिक विद्यालयमा भर्ना गर्ने शिक्षक र शिक्षा मन्त्रालय मातहतका कर्मचारीहरुको आन्तरिक वृत्तिविकासमा सहयोग पुग्नेगरी पुरस्कारको व्यवस्था गरिने छ ।

'सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु पढाउन सक्षम छन्' भन्ने सकारात्मक सन्देश आम अभिभावक माझ प्रवाह गरी सामुदायिक विद्यालयप्रतिको गिर्दो साख उकास्नका लागि शिक्षामन्त्रीले शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्बन गर्न खोजेको देखिन्छ । तर कतिपयले सरकारले 'सबै शिक्षक कर्मचारीहरुका आफ्ना बालबालिकाहरु सामुदायिक विद्यालयमा भर्ना गर' भनेर सोझै भन्न नसकेर घुमाउरो पारामा राज्यकोषको दोहन गर्नका लागि यस्तो व्यवस्था गर्न लागिएको भनेर आलोचनासमेत गरेका छन् । 'शिक्षा सामुदायिक विद्यालयको नराम्रो हुने अनि जागिर भने सरकारी राम्रो हुने ? निःसर्त सबै सामुदायिक शिक्षक कर्मचारीहरुले आफ्ना बालबालिका सामुदायिक विद्यालयमै भर्ना गर्नुपर्छ ।' दुवै हातमा लड्डु हुन नसक्ने उनीहरुको तर्क छ । सरकारले शिक्षामा लगानी बढाउन चाहन्छ भने 'गरिब तथा विपन्न परिवारका बालबालिकाहरुलाई विशेष छात्रवृत्ति उपलब्ध गराउनुपर्दछ । विद्यालयको भौतिक आवस्थामा सुधार ल्याउनुपर्दछ । विद्यालयमा विषयगत शिक्षक उपलब्ध गराउनुपर्छ । नियमित अनुगमन गर्नुपर्छ । योग्य र सक्षम प्रधानाध्यापकको व्यवस्था गर्नुपर्दछ । शिक्षकको पनि निजामती कर्मचारी सरह सरुवा बढुवा हुनु पर्छ' भन्ने आवाज पनि जनमानसमा सुन्नमा पाइन्छ ।

अहिलेसम्म सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुले 'बालबालिकाले आफूले रोजेको विद्यालयमा पढ्न पाउनु उनीहरुको नैसर्गिक अधिकार तथा बालबालिका कहाँ पढाउने भन्ने कुरा बाबा वा आमामा मात्र सीमित नभई घर परिवारको इच्छामा समेत भर पर्ने' भन्दै उम्कने गरेको अवस्था छ । कतिपय सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिले त्यहाँ कार्यरत शिक्षक, कर्मचारी तथा समितिका सदस्यहरुले आफ्ना बालबच्चा सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने निर्णयसमेत गरेको पाइन्छ । केही सोझासाझा तथा आन्तरिक स्रोतका शिक्षकहरुले आफ्ना बालबालिका आफैले पढाउने विद्यालयमा भर्ना गरे पनि टाठाबाठा शिक्षक तथा समितिका सदस्यहरुले सुरुमा आफ्ना बालबच्चा भर्ना गर्ने र केही दिन पछि 'मैले त यहीं पढ भनेको बच्चाले मानेन वा कक्षामा मेरो बच्चासँग प्रतिस्पर्धा गर्ने अन्य विद्यार्थीहरु भएनन्' भन्ने जस्ता कारण देखाई पुनः निजी विद्यालयमा लौजाने गरेका प्रशस्तै उदाहरणहरु छन् । सामुदायिक विद्यालयका शिक्षक तथा शिक्षा मन्त्रालयका कर्मचारीलाई उनीहरुले आफ्ना बालबालिका सामुदायिक विद्यालयमा भर्ना गरे त्यस्ता शिक्षक तथा कर्मचारीहरुलाई आन्तरिक वृत्तिविकासका लागि पुरस्कार प्रदान गर्ने महत्वाकांक्षी योजना शिक्षा मन्त्रालयले अघिसारे पनि सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरु 'पर्ख र हेर'को अवस्थामा देखिन्छन् । आफ्ना बालबच्चा सामुदायिक विद्यालयमा भर्ना गरेबापत के कस्तो पुरस्कार प्राप्त हुने हो, पुरस्कारको किसिम नगद हो या अन्य कुनै सुविधा हो, सो स्पष्ट भई नसकेकाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले तत्कालै आफ्ना बालबच्चा सामुदायिक विद्यालयमा भर्ना गरिहाल्ने अवस्था देखिँदैन । शिक्षा ऐन पारित भएको ४-५ महिना भइसक्दा पनि शिक्षा नियमावली आउन सकेको छैन । करिब १७ हजार अस्थायी शिक्षकहरुलाई ऐन बमोजिम बिदाइ वा व्यवस्थापन गर्न ढिला भइरहेको छ । करिब २८ हजारको सङ्ख्यामा रहेका बाल शिक्षिकाहरुको व्यवस्थापन कसरी गर्ने भन्ने अन्योल छ ।

त्यस्तै विद्यालयमा कार्यरत कर्मचारीहरुको पीर व्यथा पनि उस्तै छन् । गत वर्षको भूकम्पले भत्काइएका विद्यालयका संरचनाहरुको पुनर्निर्माण गर्न सकिएको छैन । विद्यालयहरुमा विषयगत शिक्षकको व्यवस्था गर्न सकिएको छैन । जुनसुकै काम गर्दा पनि अर्थसँग जोडिने र अर्थकै कारणले विगतका योजनाहरु पनि अलपत्र परेको आवस्था छ । शिक्षा विभाग आफैले अर्थ मन्त्रालयबाट सहमति नआएकाले लामो समयदेखि अल्झिएको अस्थायी शिक्षकको समस्या, बाल शिक्षिकाको समस्या, विद्यालय कर्मचारीको समस्या समाधान गर्न ढिला भएको बताइरहेको अवस्थामा शिक्षा मन्त्रालयले ल्याएको 'शिक्षकलाई आफ्ना बालबालिका सामुदायिक विद्यालयमा भर्ना गरे उनीहरुलाई पुरस्कृत गर्ने' नयाँ अवधारण अर्थकै कारणले सजिलै कार्यान्वयन हुन सक्नेमा दुविधा छ ।

पछिल्लो समय केही सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमका कारणले विद्यार्थीहरुको चाप बढेको देखिए पनि यो चाप कक्षा ६ देखि माथिका कक्षाहरुमा मात्र देखिन्छ । शिशुदेखि ५ कक्षासम्मका विद्यार्थीको सङ्ख्याको अवस्था भने दयनीय नै हुने गरेको छ । कतिपय नाम चलेका सामुदायिक विद्यालयहरुले प्रवेशिका परीक्षामा उत्कृष्ट नतिजा ल्याए पनि उक्त नतिजा सोही विद्यालयका आफ्नै उत्पादन (विद्यार्थीहरु) ले दिएका होइनन् । अन्यत्र निजी विद्यालयमा सानै कक्षादेखि अध्ययन गरेका तर निजीमा महँगो शुल्क भएर वा उच्च शिक्षामा सरकारी सुविधा प्राप्त गर्न सकिने भएकाले त्यस्ता विद्यार्थीहरु सामुदायिक विद्यालयको कक्षा ८ मा भर्ना हुने र तिनै विद्यार्थीहरुले केही सामुदायिक विद्यालयहरुको नतिजा दिने गरेको आरोप पनि सामुदायिक विद्यालयहरुलाई लाग्ने गरेको छ । यसले के देखाउँछ भने सामुदायिक विद्यालयको तल्लो कक्षाहरुमा विद्यार्थी संख्या अत्यन्तै न्यून रहेको र उक्त कक्षाहरुमा गुणस्तर पनि निकै कमजोर छ ।

बालबालिकाहरुको शैक्षिक जग बलियो बनाउन सुरुमा निजी विद्यालयमा भर्ना गर्ने र ६-७ कक्षा निजीमा पढाइ सकेपछि सामुदायिक विद्यालयमा भर्ना गर्ने अभिभावकहरुको मनोविज्ञान देखिन्छ । यही कारणले अङ्ग्रेजी माध्यम सञ्चालन गरेका केही सामुदायिक विद्यालयका माथिल्लो कक्षाहरुमा विद्यार्थीको चाप बढेको पाइन्छ । सरकारले सार्वजनिक शिक्षामा शिक्षकको तलब, छात्रवृत्ति, पाठ्यपुस्तक, भवन निर्माणलगायतका शीर्षकमा हरेक वर्ष १ खर्ब रुपियाँ लगानी गर्दै आए पनि परिणाम भने सन्तोषजनक छैन ।

शिक्षक, कर्मचारी तथा वि.व्य.स. पदाधिकारीहरुले आफ्ना बालबच्चा सामुदायिक विद्यालयमा भर्ना गर्दा विद्यालयको गुणस्तरमा अभिवृद्धि हुने र समुदायमा सकारात्मक सन्देश जाने भएकाले सरकारले ल्याएको यो पछिल्लो योजना कार्यन्वयन भए यसले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई पक्कै पनि नैतिक दबाब सिर्जना गर्दछ । तर नेपालमा नैतिक दबाबले खासै काम नगर्ने परिपाटी भएकाले कम्तीमा राज्यकोषबाट तलब भत्ता खानेका बालबालिका सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्नुपर्ने अन्यथा उनीहरुलाई कारवाही तथा सुविधासमेत कटौती हुने नियमको खाँचो छ । यसअघि शिक्षा विभागले पटक पटक यस्तै योजना ल्याए पनि कार्यान्वयन नभएकाले शिक्षा ऐन संशोधन गरेर वा यस्तै अर्को कानुन ल्याएर भए पनि कडाइ गर्नुपर्ने देखिन्छ । कहिल्यै सरुवा नहुने, राजनीति गर्न पाइने, बिहान बेलुका अन्य पेसा व्यवसायमा संलग्न हुन पाइने आदि कारणले सानोतिनो पुरस्कारको 'ललिपप'ले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरु तत्काल फकिइहाल्ने अवस्था छैन । तसर्थ शिक्षा ऐन संशोधन गरी सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारी तथा शिक्षा मन्त्रालय मातहतका कर्मचारीहरुले अनिवार्य आफ्ना बालबच्चा सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने अन्यथा तोकिएको दण्ड, जरिवाना तथा कारवाही हुनेछ भन्ने प्रावधान राखिनुपर्दछ । यसो भएमा अन्य सरकारी निकायलाई समेत दबाब सिर्जना हुनेछ । तब मात्र शिक्षा मन्त्रालयको १२ नं. बुँदाले मुर्तरुप लिन सक्छ । अन्यथा 'यो त सब भन्ने कुरा न हो' भन्ने रामकृष्ण ढकालको गीत चरितार्थ हुनेछ ।

# गोरखा पुन: निर्माणले गति लियो

प्रशन्न पोखरेल
गोरखा ६ पुस ।

बारपाक केन्द्र रहेर भूकम्प गएको २० महिनापछि बारपाक सहित गोरखाका अन्य गाउँमा पुन: निर्माणले गति लिएको छ। ५० हजार रुपैयाँका दरले निजी घर बनाउन पहिलो किस्ता बुझेका भूकम्पपीडितले धमाधम भूकम्प प्रतिरोधी घर निर्माण गरिरहेका छन्।

बर्खाका बेला अवरुद्ध बनेका ग्रामीण सडक हिउँद लागेसँगै सञ्चालन हुँदा पुन: निर्माणको सामग्री ढुवानीमा सहज भएको हो । अधिकांश भूकम्पपीडितले ढुङ्गा, गिट्टी, बालुवा, छड, सिमेन्टको प्रयोग गरी पिल्लर राखेर घर बनाएका छन् । भूकम्पले पिल्लर भएका घरमा कम क्षति पुऱ्याएको देखेका भूकम्पपीडितले ढुङ्गा, माटो, काठको जोडाइले बन्ने घरभन्दा पिल्लर सहितको पक्की घर निर्माण गरिरहेको बारपाक गाविसका सचिव चेतप्रसाद अम्गाईले जानकारी दिए।

बारपाकको ४ देखि ९ वडाका भूकम्पपीडितले धमाधम घर निर्माण रुपमा अघि बढाएका छन् । वडा नं ५ का ४० घरधुरीका भूकम्पपीडित भूकम्प गएदेखि नै विस्थापित भई वडा नं ४ को सार्वजानिक जग्गामा बसे पनि उनीहरुलाई राख्ने जग्गा खोजी गर्न नसकिएको अम्गाईंको भनाइ छ । भूकम्पले छियाछिया भएको बस्तीमा घर बनाएर ढुक्कसँग बस्न सक्ने अवस्था नरहेको विस्थापित भूकम्पपीडित उत्तम बिकले बताए।

वडा नं १ को पोखरी, २ को स्नान र मान्द्रे-५ को दलित बस्तीमा घडेरी अभाव हुँदा त्यहाँका भूकम्पपीडितले घर बनाउने जग राख्न पाएका छैनन् । 'सरकारले घर बनाउन पैसा दिनुपूर्व हामीलाई सुरक्षित ठाउँ खोजेर स्थानान्तरण गर्नुपर्ने हो तर गरेन', उनले भने, 'बस्न अयोग्य भनेकै ठाउँमा घर बनाउँदा फेरि अर्को प्रकोपको पीडा खेप्नुपर्ने भयो ।'

बारपाकमा अहिले करिब एक सय ७० वटा घर निर्माणका क्रममा छन् । यी घर पहिलो किस्ता रकम लिएपछि निर्माण सुरु भएका हुन् । भूकम्पले घर भत्के पनि ७८ जनाले रकम पाएनन् । एक हजार दुई सय ९४ जनाले पहिलो किस्ता रकम बुझेको सचिव अम्गाईंको भनाइ छ । 'अनुदान पाउने सूचीमा नाम निस्केका २० जना बारपाकीलाई अनुदान रकम दिन बाँकी छ', अम्गाईंले भने, 'विदेशमा रहेका अनुदान लिन आएनन् ।' २७ जना बेलायती भूतपूर्व सैनिकका परिवारलाई ब्रिटिस वेयलफेयरले घर बनाइदिएको उनको भनाइ छ । बारपाक-४ का जितबहादुर घलेका अनुसार भूकम्पपीडितले धमाधम घर बनाइरहे पनि निर्माण सामग्री ढुवानी गर्दा ज्यादै महँगो परेको छ ।

लाप्राकका समाजसेवी मारसिंङ गुरुङले भने, 'लाप्राकमा भूकम्प त बल्ल आएजस्तो पो भएको छ । गुप्सीबाट कुम्लोकाम्लो बोकेर गाउँले अहिले यत्रतत्र डाँडामा बस्न आए ।' लाप्राकमा ६ सय १४ घरधुरी भूकम्पपीडित छन् । भूकम्प गएको दिनदेखि स्थानीयवासी भुमे सामुदायिक वनको जग्गामा बस्दै आएका थिए । मन्त्रिपरिषद्को बैठकले गुप्सीको जग्गा घडेरीका रुपमा भोगचलन गर्न पाउने गरी लाप्राकीलाई दिने निर्णय गरिसकेको छ । घडेरी खार्ने काम सुरु भएपछि अब छिट्टै घर, विद्यालय, स्वास्थ्य चौकी, गाविस भवन, खेलकुद मैदानलगायत संरचना निर्माण हुने भन्दै लाप्राकी खुसी छन् ।

श्रीनाथकोट-३ डाँडागाउँमा ८१ ओटा भूकम्प प्रतिरोधी घर निर्माण गरी भूकम्पपीडितलाई हस्तान्तरण गरिसकिएको छ । कोरियाको कम्युनिटी चेष्ट अफ कोरिया र बेटर वल्डको आर्थिक सहयोगमा अनुग्रह सामुदायिक विकास केन्द्रले जनजाति र दलित समुदायका भूकम्पपीडितलाई चार लाखका दरले लगानी गरी घर निर्माण गरिदिएको अनुग्रहका अध्यक्ष साधुराम नेपालीले बताए । जिल्ला शिक्षा अधिकारी दीपेन्द्र सुवेदीका अनुसार भूकम्पले भत्काएका चार सय ९४ ओटा विद्यालयमध्ये अहिलेसम्म चार मावि, चार निमाविसहित २९ ओटा विद्यालय पुन: निर्माण भएको छ ।

विद्यालय पुन: निर्माण गर्ने सम्झौता गरेका भारतीय दूतावास, चिनियाँ दूतावास, हिमानी ट्रस, जाइका, असल छिमेकी नेपाल, पोखरालगायत सङ्घसंस्थाले समयमै विद्यालय भवन निर्माण सुरु नगर्दा विद्यार्थीलाई टहरोमा राखेर पठनपाठन गर्नुपर्ने बाध्यता छ । 'विद्यालय बनाउन सम्झौता गर्ने तर भवनको शिलान्यास पनि नगर्ने सङ्घसंस्थालाई छिटो काम सुरु गर्न भनेका उनले जानकारी दिए।

जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख केदारराज पराजुलीका अनुसार भूकम्पले क्षति पुगेका ५२ स्वास्थ्यसंस्थामध्ये श्रीनाथकोट, घ्याल्चोक, भुम्लिचोक र घैरुङ स्वास्थ्यचौकी भवन मात्रै पुन: निर्माण सकिएको छ ।

यस्तै युनिसेफ, आइएमसी लगायत संघ-संस्थाले स्वास्थ्यचौकी भवन बनाउने सम्झौता गरे पनि अहिलेसम्म निर्माण गरेका छैनन् । 'स्वास्थ्यचौकी भवन निर्माण सुरु नगरेका संघ-संस्थालाई पत्र काटेर छिटो भवन बनाउन निर्देशन दिएको छु', पराजुलीले भने।

जिल्ला विकास समितिका योजना अधिकृत शतिशकुमार भट्टराईका अनुसार गोरखाका ५८ हजार पाँच सय २४ पीडितमध्ये ५२ हजार पीडितका खातामा पहिलो किस्ताको अनुदान रकम पठाइसकिएको छ । पहिलो किस्ता बराबरको निर्माण कार्य भएपछि दोस्रो किस्ता वितरण गर्ने भन्दै उनले घर निर्माणका क्रम बढेको बताए। रासस

## राष्ट्रिय खेलकूद परिषद्को विभेद

# प्रशिक्षण बिनै खेलाडी प्रतिस्पर्धामा

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ पुस ।

विराटनगरमा हुने सातौं राष्ट्रिय खेलकुदमा पश्चिमाञ्चलबाट भाग लिने अधिकांश खेलाडी प्रशिक्षण विना प्रतिस्पर्धामा उत्रिने भएका छन्। राष्ट्रिय खेलकुद परिषद (राखेप) ले सिमित खेलका खेलाडीलाई मात्र बन्द प्रशिक्षणका लागि रकम उपलब्ध गराएपछि सहभागी सबै खेलाडीले प्रशिक्षणको मौका पाएनन्। सीमित खेलाडीका लागि मात्र बन्द प्रशिक्षणको रकम दिएर राष्ट्रिय खेलकुद परिषद (राखेप) ले भेदभाव गरेको खेलाडी र प्रशिक्षकले गुनासो गरेका छन्।

पश्चिमाञ्चलले भाग लिने ३० मध्ये सात खेलका खेलाडीले मात्र बन्द प्रशिक्षणका लागि राखेपबाट रकम पाएका छन् । बाँकी २३ खेलका खेलाडी रकम अभावमा बन्द प्रशिक्षण विना सातौं राष्ट्रिय प्रतियोगिता खेल्दैछन् ।

'राखेपले खर्च नदिएपछि आवस्यकता हुँदाहुँदै बन्द प्रशिक्षणमा राख्न सकेनौं,' पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मणप्रसाद योगीले भने, 'प्रतिस्पर्धा गर्ने सबै खेलका खेलाडीलाई बन्द प्रशिक्षणमा राखेर दख्खल बनाउनु पर्ने आवश्यकता हो ।' उनका अनुसार समूह खेलमा भाग लिने खेलाडीलाई मात्र बन्द प्रशिक्षणको रकम दिइएको छ ।

उनका अनुसार भलिवल, फुटबल, कबड्डी, खोखो र क्रिकेटमा महिला तथा पुरुष, बास्केटबल र ह्याण्डबल पुरुष टिमलाई मात्र एक साता प्रशिक्षण गर्नका लागि रकम दिइएको छ । प्रशिक्षणमा भएका एक खेलाडीले दैनिक एक हजार रुपैयाँ पाउँछन । २२ जना प्रशिक्षकसहित १ सय ८८ खेलकर्मीले बन्द प्रशिक्षणका लागि रकम पाएको योगीले बताए । राखेपले वन्द प्रशिक्षणका लागि १३ लाख रुपैयाँ पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिलाई दिएको थियो ।

पश्चिमाञ्चलबाट राष्ट्रिय खेलकुदमा कुल ३ सय ८८ खेलाडी सहभागि हुँदैछन् । 'खेलाडीका लागि मात्र भए पनि बन्द प्रशिक्षणको रकम दिनु पर्ने थियो । प्रशिक्षण सबैका लागि आवस्यक हुन्छ । तर टिम खेललाईमात्र दिने भनेपछि व्यक्तिगत खेलका खेलाडी मारमा परेका छन्,' उनले भने ।

राष्ट्रिय खेलकुदमा पाँच विकास क्षेत्रसहित तीन विभागीय टोलीबीच प्रतिस्पर्धा हुनेछ । मंसिर २० देखि पश्चिमाञ्चलका २१ स्थानमा क्षेत्रीय प्रतियोगिता गरेर पूर्वाञ्चल भ्रमणका लागि खेलाडी छनोट गरिएको थियो । पश्चिमाञ्चलबाट खेलाडी, प्रशिक्षक, पदाधिकारी सहित ५ सय ४२ ले राष्ट्रिय खेलकुदमा भाग लिनेछन् ।

राखेपको बन्द प्रशिक्षण नपाएपछि कतिपय खेलका खेलाडीले आफै पैसा उठाएर प्रशिक्षण गरेका छन् । राखेपले नदिएपछि व्यक्तिगत रुपमा ३ हजार रुपैयाँका दरले उठाएर तयारी गरेको कराते खेलाडी चन्द्र बुढामगरले बताए । 'एउटै प्रतियोगितामा कसैलाई राज्यले तयारी खर्च दिने, कसैले व्यक्तिगत पैसा खर्च गर्नुपर्ने भयो,' उनले भने- 'राखेपले खेलाडीलाई काखा र पाखा गरेको छ ।' प्रशिक्षणका लागि रकम माग गर्दा राखेपले व्यक्तिगत खेललाई दिन नसक्ने जवाफ दिएको उनले बताए । 'व्यक्तिगत रुपमा खेल्ने भएकोले पदकको पनि महत्व नहुने होला,' उनले भने, 'व्यक्तिगत रुपमा हामीले खेले पनि पदक क्षेत्रकै हो ।' कराते प्रशिक्षक सुरेन्द्र गुरुङले व्यक्ति विधाका खेलाडीलाई झन विशेष तयारीको व्यवस्था गर्नुपर्ने तर्क गरे। 'अन्तर्राष्ट्रिय स्तरमा व्यक्तिगत विधाका खेलाडीले बढि पदक जितेका छन,' उनले भने, 'त्यसैले यसलाई झन प्राथमिकतामा राख्नु पर्छ । तर राष्ट्रले खेलकुदमा विभेद गरेको छ ।'

पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेलले राखेपबाट बजेट नपाएका कारण सबैलाई बन्द प्रशिक्षणमा राख्न नसकेको स्वीकारे । 'हामीले सबैलाई बन्द प्रशिक्षणमा राख्न पाए हुन्थ्यो भन्ने सोचेका थियौं । प्रशिक्षण सबैलाई आवस्यक थियो । तर बजेट नपाएपछि त्यसो गर्न सकेनौं,' उनले भने । सातौं राष्ट्रियका लागि पश्चिमाञ्चलका खेलाडीलाई मंगलबार पोखरा रंगशालामा विदाई गरिएको हो ।

# पोखरा-१० मा प्लाष्टिक अनुगमन



गोल्डेन न्यूज संवाददाता
पोखरा ६ पुस ।

पोखरा उपमहानगर पालिकाको प्लाष्टिक मुक्त नगर घोषणासँगै वडालाई पनि प्लाष्टिक मुक्त क्षेत्र बनाउनका लागि वडा नं. १० मा प्लाष्टिक अनुगमन कार्य सम्पन्न गरिएको छ । वडा समितिको कार्यालयका सचिव नवराज थापाको नेतृत्वमा पोखरा १० स्थित बुद्धचोकबाट शुरु गरिएको अनुगमन कार्यक्रममा वडा स्थित विभिन्न राजनैतिक दलका संयन्त्र, वडा नागरिक मञ्चका संयोजक शान्ति सुवेदी, टोल विकास संस्था वडा समन्वय समितिका सचिव किरण प्रसाद भट्टचन, महिला वडा समन्वय समितिका अध्यक्ष निर्मला कार्की भण्डारी, नगर महिला समन्वय समितिका अध्यक्ष पवित्रा देवी गुरुङ्ग, श्रमिक बालिकाहरुको सम्पर्क केन्द्रका अध्यक्ष सूर्यबहादुर बानियाँ, ने.रे.सो. उपशाखा १०/११ का युवा सर्कलका सदस्य शंकर बानिया, बुद्धचोक महिला समूह, कामनाटोल टोल विकास संस्था, कामनाटोल महिला समूह, गौरीमार्ग टोल विकास संस्था, शान्तिपथ टोल विकास संस्था, ईन्द्रमार्ग टोल विकास संस्था, युनाईटेड क्लब पोखरा, पो.उ.म.न.पा. का नगर प्रहरी, वडा प्रहरी कार्यालयका प्रहरी लगायतले अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा टोल विकास संस्था वडा समन्वय समितिद्वारा चेतना का लागि पम्प्लेट पनि वितरण गरिएको थियो । अनुगमनका क्रममा करिब ४० के.जी. निषेधित प्लाष्टिक जफत गरिएको कार्यक्रम बुद्धचोकबाट शुरु गरि गौरीमार्ग, रामबजार, ईन्द्रमार्ग, पृथ्वीराज मार्ग, घलेचोक, दुचिटोल, रक्षामार्ग, कामना टोल हुँदै अमरसिँह चोकमा पुगी समापन गरिएको थियो ।

अनुगमनका क्रममा टोलबासी लाई पहिलो चरणमा गरिएको यो अनुगमनले आमटोल बासीलाई सचेत हुन आग्रह गरिएको तथा पछि पोखरा उप-महानगर पालिका बाट हुने अनुगमनका क्रममा जरिवाना गर्न सक्ने हुँदा अब आईन्दा निषेधित प्लाष्टिक तथा प्लाष्टिक जन्य सामाग्रीको प्रयोग नगर्न नगराउन अनुरोध गरिएको थियो ।

# टेबुल टेनिस सकियो

पोखरा ६ पुस ।(गोल्डेन)

उच्च माध्यामिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको आयोजनामा दशौं हिसान स्पोर्टस मिट अन्तर्गत भएका टेबुल टेनिस प्रतियोगिताहरु बुधवार सम्पन्न भएका छन । छात्रतर्फ सिंगल्स फाइनल खेलमा नेशनल इन्भेन्टिभका विवेक भुजेल प्रथम भएका छन् । उनले फाइनलमा ग्लोवल कलिजियटकालाई पराजित गरे । यसैगरि छात्रतर्फ सिंगल्सको उपाधि सृजना उच्च माविकी मुना थापाले ग्लोवल कलिजियटकी सविना गुरुङ्गलाई फाइनलमा खेलमा पराजित गर्दै विजयी भइन । यसैगरि छात्र डवल्सको उपाधिमा नेशनल इन्भेन्टिभका महादेव पहारी र विवेक भुजेलको जोडीले कास्की मोर्डनाइज्डका करन चालिसे र रोहित गुरुङ्गको जोडी लाई पराजित गरे । छात्रा डवल्सतर्फ भने सृजना उमाविका मुना थापा र सजिना पाण्डेले जिते । उनीहरुको फाइनल प्रतिस्पर्धामा ग्लोवल कलिजियटका विनिता लामिछाने र तृप्ती क्षेत्रीको जोडी लाई पराजित गरेका हुन्।

यता छात्र डवल्सतर्फ लिटिल एजेल्सका सन्देश पन्त र सुजित खत्री तथा केफ उमाविका अञ्जन खडका र आकाश पौडेलले तेश्रो स्थान हासिल गरे भने छात्रातर्फ ग्लोवल कलिजियटकी सविना गुरुङ्ग र एलिना तिलिजा तथा सगरमाथा उमाविका आशुका रञ्जित र नम्रता जोशीले प्राप्त गरे । टेवुल टेनिसको खेलमा अंकको आधारमा तीन उच्च माविले उपासधि बाँढ्ने भएका छन । उपाधि बाँढ्नेमा ग्लोवल कलिजियट, नेशनल इन्भेन्टिभ र सृजना उमावि रहेका छन् ।

# छैटौं भेट्रान फुटवल प्रतियोगिता शुरु



गोल्डेन न्यूज संवाददाता
पोखरा ६ पुस ।

बगर भाइखलकद्वारा आयोजित छैटौं भेट्रान फुटवल प्रतियोगितामा आदिवासी भेट्रान काठमाडौंले बिजयी शुरुवात गरेको छ । बुधवार देखि पोखराको टुँडिखेल मैदानमा शुरु प्रतियोगितामा लेकसाइड भेट्रानलाई २-० गोलले पराजित गर्दै विजयी शुरुवात गरेको हो । खेलमा आदिवासीको तर्फबाट जर्सी नम्बर २ का लाल बहादुर लिम्बुले दुइ गोल गरेका थिए । उक्त खेलमा आदिवासीकै लालबहादुर लिम्बु म्यान अफ दी म्याच घोषित भए ।

त्यसैगरी दोश्रो खेलमा नेपाल विद्युत प्राधिकरण पोखरा शाखालाई १-० गोल अन्तरले पराजित गर्दै दीप युनाइटेड अघिल्लो चरणमा प्रवेश गऱ्यो । खेलमा दीप युनाइटेडका जसी नं. ७ का कृष्ण बहादुर गुरुङले गरेको एक गोलनै निर्णायक गोल हुन पुग्यो । उक्त खेलमा दीप युनाइटेडका जर्सी नम्बर ११ का सुशिल गौतम म्यान अफ दी म्याच घोषित भए ।

प्रतियोगिता अन्तर्गत बिहीबार ६ खेल हुने भएका छन् । जसमा पहिलो खेल बगर भाइखलक बी र बुटवल भेट्रान बीच हुनेछ, दोश्रो खेल मौजा मोहोरिया कास्की र बुटवल भेट्रान बुटवल सोशाइटी भेट्रान, तेश्रो खेल लायन्स क्लव अफ मुनाल पोखरा र मनाङ मर्स्याङ्दी, चौथो खेल एबीसी पोखरा र वीरगञ्ज युनाइटेड सिटी, पांचौ खेल नखीपोट ललितपुर र रोटरी क्लव अफ मकवानपुर हेटौडा र अन्तिम खेल हेम्जा भेट्रान र कलव मोसिस बीच हुने आयोजकले जनाएको छ । २१ टीम सहभागी प्रतियोगितामा प्रथम हुने टीमले ७५ हजार, रनिङ शिल्ड, पदक र प्रमाणपत्र, द्वितीय हुने टीमले ५० हजार नगद, ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगिताको उद्घाटनका अवसरमा पूर्व खेलाडी दक्ष बहादुर गुरुङलाई सम्मान गरिएको थियो । प्रत्येक वर्ष गरिंदै आएको खेलाडी सम्मान अन्तर्गत यो वर्ष पुर्व राष्ट्रिय खेलाडी दक्षबहादुर गुरुङलाई ताम्रपत्र, दोसल्ला र प्रमाणपत्रले सम्मान गरेको हो । प्रतियोगितामा प्रमुख अतिथि प्रध्यापक डाक्टर वीरेन्द्र सिंङ गुरुङ, बगर भाइखलक युकेका सदस्य गोर्खा मेजर खुसीमान गुरुङ, पूर्व खेलाडी शम्भु कार्की बगर भाइखलकका अध्यक्ष दिल बहादुर गुरुङ लगायतले सम्मान गरेका थिए ।

# कास्कीमा १३ हजार बढी भूकम्प प्रभावित

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ पुस ।

जिल्ला लगत सङ्कलन व्यवस्थापन कार्यालय कास्कीले जिल्लामा भूकम्पका कारण प्रभावित १३ हजार एकसय पाँच घरपरिवारको लगत सङ्कलन गरी केन्द्रीय तथ्याङ्क विभागमा पठाएको छ । जिल्ला लगत सङ्कलन व्यवस्थापन कार्यक्रम संयोजक जग्गुलाल बस्यालका अनुसार सङ्कलित लगत केन्द्रीय तथ्याङ्क विभागबाट प्रमाणीकरण गरी भूकम्पपीडितको आधिकारिक सूची तयार गरिनेछ । राहत एवम् पुन:निर्माण सहयोगका लागि सूचीका आधारमा यही पुस १३ गतेदेखि केन्द्रस्तरबाट खटिने तालिम प्राप्त इन्जिनियर र स्थानीय सामाजिक परिचालकको टोलीले स्थलगत अवलोकन गरी क्षतिका आधारमा बस्न हुनेदेखि पुन:निर्माण गर्नुपर्नेसम्मका कुरा निक्यौल गर्नेछ ।

यसैबीच, भूकम्पपीडितको नामावली सङ्कलन, प्रमाणीकरण, अनुदान सम्झौता लगायतका विषयमा छलफल गर्न जिल्ला समन्वय समिति, कास्कीको बैठक बसेको थियो ।

बैठकमा राष्ट्रिय पुन:निर्माण प्राधिकरणका सदस्य डा चन्द्रबहादुर श्रेष्ठ, सांसद शारदा पौडेल, प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनाली, स्थानीय विकास अधिकारी बलराम ढकाल लगायतको उपस्थिति रहेको थियो । बैठकमा भूकम्पपीडितको लगत सङ्कलन लगायतका विषयमा जानकारी लिँदै प्राधिकरणका सदस्य डा श्रेष्ठले सङ्कलित लगत प्रमाणीकरण भइसकेपछिको पुन:निर्माण कार्यविधि बारे जानकारी गराएका थिए।

सांसद शारदा पौडेलले भूकम्पपीडित परिवारले यथाशक्य चाँडो पुन:निर्माण लगायतमा सहयोग पाउने किसिमबाट कामलाई तीव्रता दिनुपर्नेमा जोड दिएकी थिइन ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www .goldennews . com .np

# पर्वतीय चलचित्र महोत्सव सुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ पुस ।

पोखरा सभागृहमा बुधबारदेखि अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव सुरु भएको छ । तीन दिनसम्म चल्ने सो महोत्सवमा नेपाललगायत २२ देशका ५२ वटा चलचित्र देखाइनेछ । पोखरा फिल्म सोसाइटीको आयोजनामा भएको सो महोत्सवअन्तर्गतका चलचित्र साँझ पोखराको बाराहीचोक, रामबजार र नयाँबजारको राममन्दिर अगाडि समेत प्रदर्शन गरिने सोसाइटीका अध्यक्ष घनश्याम लामिछानेले जानकारी दिए ।

त्यस्तै यहाँ प्रदर्शनमा उत्कष्ट ठहरिएका चलचित्र आगामी वैशाख महिनामा मनाङ, मुस्ताङ, घलेगाउँ र घान्द्रुकमा पनि प्रदर्शन गरिनेछ । पर्वतीय तथा हिमाली क्षेत्र आसपासको संस्कृति, आदिवासी जनजातीको जीवन, परम्परा, खेलकूद, जैविक विविधता र पर्यावरणको सम्वर्द्धन र प्रवर्द्धनमा चलचित्रबाट जनचेतना अभिवृद्धि गर्ने उद्देश्य चलचित्र महोत्सवको रहेको छ ।

गत वर्ष वैशाख १२ गते गएको भूकम्पको केन्द्रविन्दु रहेको गोरखाको बारपाकको जनजीवन सामान्य अवस्थामा फर्कन थालेको विषयलाई केन्द्रित गरी बनाइएको वृत्तचित्र 'बारपाक'बाट महोत्सवको शुभारम्भ गरी जुम्लाको सिञ्जा क्षेत्रको एउटा गाउँको बारेमा बनाइएको वृत्तचित्र देखाई समापन गरिनेछ । पर्यटनविद् झलक थापाले कार्यक्रमको शुभारम्भ गरेका थिए।

# फुटसल हुने

पोखरा ६ पुस ।

खेलकुदको माध्यमबाट पोखराको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा न्यूज डटकमले पहिलो पटक संस्थागत फुटसल प्रतियोगिता गर्ने भएको छ । 'पर्यटन, खेलकुद र सञ्चार : पोखरा प्रवर्द्धनको मूल आधार' भन्ने नाराका साथ यही पुस ९ र १० गते हुने प्रतियोगितामा १२ वटा टिमको सहभागिता हने आयोजित पत्रका सम्मेलनमा पोखरा न्यूज डटकमका सञ्चालक गणेश बरालले जानकारी दिए।उनका अनुसार पोखरा फूलबारीस्थित टप कर्न फुटसलमा हुने प्रतियोगिताका विजयी टिमलाई १५ हजार एक, उपविजेतालाई १० हजार र तेस्रो हुनेलाई पाँच हजार रुपैयाँ नगदसहित ट्रफी, मेडल प्रमाणपत्र प्रदान गरिनेछ ।

कार्यक्रम संयोजक दीननाथ बरालले प्रतियोगिता सम्पन्न गर्न रु एक लाख ४५ हजा तीन लाग्ने जानकारी दिँदै प्रतियोगिताको मुख्य प्रायोजन हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ कास्कीको माछापुच्छ्रे गाविसमा निर्माणाधीन झ्यामोलोङ हाइड्रोपाव डेभलपमेन्ट कम्पनीको करुवा हाइड्रोपावरले गरेको छ ।

यौन तथा प्रजनन रोग सम्बन्धी डा. विनोद कुमार मिश्र मात्र १ दिनका लागि पोखरामा

धवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर धुमबाराही काठमाडौंमा कार्यरत तथा नेपाल १ टेलिभिजनबाट प्रशारित चर्चित कार्यक्रम रात परेपछिका कार्यक्रम प्रस्तोता डा.विनोद कुमार मिश्र यही पुष १२ गते मंगलबार मात्र १ दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य लाभ लिनुहोस्।

पुरूषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष।

महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार

मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा